नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# कोभिड-१९ को प्रयोगशाला परीक्षण निर्देशिका

(पांचौं संस्करण, स्वीकृत मिति, २०७७/०६/२७)

## (क) परीक्षण बिधिः

- निदानात्मक प्रयोजनका लागि आ.टि.-पी.सी.आर. र रेपिड एन्टीजेन टेष्ट
- सर्भिलेन्स तथा अनुसन्धान प्रयोजनको लागि सेरोलोजी टेष्ट

## (ख) निःशुल्क कोभिड-१९ परीक्षणका लागि लक्षित समुह*

आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिक, असहाय एकल महिला, अति अपाङ्गता भएका नागरिक, जेष्ठ नागरिक, अंग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीहरू, सरसफाइ कर्मचारीहरू, सुरक्षाकर्मीहरू लगायत जोखिम क्षेत्रमा कार्यरत कर्मचारीहरूमा लक्षण वा चिन्ह देखिएमा परीक्षण निःशुल्क गरिनेछ।

तर उल्लेखित व्यक्तिहरूले कुनै बिमा कम्पनीबाट कोरोना बिमा गरेको भएमा परीक्षण र उपचार खर्च निजको बीमा रकमबाट बेहोर्ने छ।

[*मं.प.बै.सं. ३८/०७७, नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०६/१९ को निर्णयमा आधारित]

## (ग) रेपिड एन्टीजेन टेष्टका लागि लक्षित समूह

१. मास स्क्रिनिंग
२. तुरुन्त रिपोर्ट चाहिने अवस्था (जस्तैः अस्पताल)
३. समुहगत आवासमा बस्ने व्यक्तिहरू (जस्तैः ब्यारेक, जेल, छात्रावास, बृद्धाआश्रम आदि)